# खुशीको कुञ्जी

**जेरी बेट्स**

खुशी मनको अवस्था हो जुन हरेक संस्कृतिमा लगभग सबैले खोज्छन् । मैले देखेको हरेक सर्वेक्षणले अधिकांश मानिसहरुको मुख्य लक्ष्य खुशी मात्र हुनु हो भनी संकेट गर्छ । यद्यपि, सबैजना खुशी हुन चाहन्छन्, अपेक्षाकृत थोरैले वास्तवमा त्यो लक्ष्य हासिल गरेको देखिन्छ । हो, धेरैले खुशीको समय बिताउँछन्, क्षणिक आनन्द ल्याउने थुप्रै कामहरु गर्दछन् । बाहिरबाट धेरै आनन्दित देखिन्छन्, तर भित्री रुपमा असन्तुष्टि, निरासा वा अनिश्चितताले भरिएका हुन्छन् । सबैले खुशी खोज्दा पनि किन संसार यति धेरै दुःखी मान्छेले भरिएका छन्?

वास्तवमा जवाफ साँच्चै नै सरल छ । मानिसहरु गलत ठाउँहरुमा वा गलत तरिकाले खुशी खोज्छन् । हामीमध्ये धेरैजसोले भौतिक सम्पत्तिमा सुख पाउन सकिन्छ भनी सोच्दछौं; तथापि, भौतिक सम्पत्तिले साँच्चै दिगो आनन्द ल्याउन सक्दैन् । धनी र प्रसिद्ध व्यक्तिहरुको जीवनलाई हेर्नुहोस् । तिनीहरुसँग प्रसिद्धि र भाग्य सबै छ जस्तो देखिन्छ । तिनीहरु कल्पना गर्न सकिने सबैभन्दा विलासी परिवेशमा बस्छन्, महँगो लुगा लगाउँछन्, र भव्य पार्टीहरुको आनन्द लिन्छन् । उनीहरुको जीवन राम्रो देखिन्छ । तैपनि, तिनीहरुले खुलेर कुरा गर्दा यो स्वीकार गर्दछन् कि तिनीहरुको जीवन तिनीहरुले सोचेको जस्तो देखिँदैन् । हामीले उनीहरुको मानसिक चिन्ता, लागुपदार्थ, रक्सी, गोपनीयताको आवश्यकता, वैवाहिक समस्या, बालबालिकाको पालनपोषणमा समस्या, आदिसँगको संघर्षको बारेमा पढ्छौं । प्रायः तिनीहरु एउटा समस्याबाट अर्को समस्यामा जान्छन् । निस्सन्देह, यो खुशीको कुञ्जी होइन् ।

तपाई सहमत हुन सक्नुहुन्छ कि यस्तो असाधारण जीवनशैलीले खुशीको परिणाम दिँदैन, तर निश्चित रुपमा औसत आम्दानी र जीवनशैलीले लक्ष्य हासिल गर्नेछ । जबसम्म मानिसमा आरामसँग बाँच्ने पर्याप्त धन हुन्छ, तबसम्म उसले जीवनको आनन्द लिन सक्छ र खुशी हुन सक्छ । समस्या यो हो कि एकजनासँग लगभग कहिल्यै “पर्याप्त” हुँदैन् । उसको आम्दानी बढ्दै जाँदा उसको आवश्यकता र चाहना बढ्दै जान्छन् । एउटा सर्वेक्षणले निष्कर्ष निकालेको छ कि कुनै व्यक्तिको आम्दानी ठूलो वा सानो भए तापनि आरामदायी जीवन शैलीको लागि आवश्यक पर्ने आम्दानीको स्तर उसले कमाएको भन्दा दोब्बर थियो । यसरी, भित्री सन्तुष्टि र आनन्द सधै हाम्रो समझभन्दा बाहिर छ जस्तो देखिन्छ ।

यूहन्ना १३ अध्यायमा, येशूले हामीलाई साँचो आनन्दको कुञ्जी दिनुहुन्छ; तैपनि, यो हाम्रो मानव धारणाभन्दा पूर्णतया फरक छ । यो अवसर जसलाई हामी अन्तिम भोज भन्छौं, जब येशूले आफ्नो सम्झनाको भोज स्थापना गर्नुभयो र उहाँको चाँडै मृत्यु हुँदैछन् भनी आफ्ना चेलाहरुलाई स्पष्ट रुपमा बताउनुभयो । साँच्चै, उहाँ चौबीस घण्टा भित्र मर्नुभयो । भोजनको क्रममा, येशूले अकल्पनीय काम गर्नुभयो । उहाँले तौलिया लिएर आफ्ना चेलाहरुको खुट्टा धुनुभयो । त्यसबेला मानिसहरु चप्पल लगाएर हिँड्दा खुट्टा फोहोर हुने गर्थ्यो । तसर्थ, असल मालिकले आफ्ना पाहुनाहरुको खुट्टा धुन्थे । यो अत्यन्तै अपमानजनक कार्य हो । यो सामान्यतया एउटा नोकरद्धारा गरिएको हुन्थ्यो, यदि मालिक समृद्ध थियो भने पर्याप्त रुपमा नोकरहरु राख्थे । यस अवस्थामा, त्यहाँ कुनै मालिक थिएन्, र चेलाहरु मध्ये कोही पनि खुट्टा धोएर आफू बदनाम हुने अवस्थाको थिएनन् । फलस्वरुप, कोठा घमण्डी हृदय र फोहोर खुट्टाले भरिएको थियो । त्यसपछि येशू उठ्नुभयो र तिनीहरुले पछ्याओस् भनी एउटा उदाहरण दिनुभयो । राजाहरुका राजाले सबै भन्दा तल्लो कार्य गरिरहनुभएको थियो । २१ औं शताब्दीको समानता भनेको अरुको सेवा गर्न इच्छुक हुनु हो- चाहे तिनीहरु जोसुकै भए पनि, जस्तोसुकै खर्च भए पनि, कार्य जतिसुकै अप्रिय किन नहोस् ।

खुशीको कुञ्जी यूहन्ना १३:१७ मा पाइन्छः “यदि तिमीहरुले यी कुरा जान्यौ र ती गर्‍यौ भने, तिमीहरु धन्य हुनेछौ ।” धन्यको लागि ग्रीक शब्द अंग्रजीमा सही रुपमा अनुवाद गर्न गाह्रो छ । अर्थमा सबैभन्दा नजिकको शब्द खुशी हो, जसले आन्तरिक आनन्दको अवस्थालाई वर्णन गर्दछ जुन बाहिरी परिस्थितिहरुमा निर्भर हुँदैन् । अरुको सेवामा मात्र साँचो आनन्द पाउन सकिन्छ भनी येशूले हामीलाई बताउनुभएको थियो । यसले हामीलाई कुनै अर्थ राख्दैन् । सेवक भएर खुशी आउन सक्छ भनी हामी सामान्यतया सोच्दैनौं । यसको विपरितले हामीलाई धेरै अर्थ दिन्छ । तर परममेश्वरको अनुसार त्यस्तो होइन् । येशूले यो पनि भन्नुभयो, “तिमीहरुमध्ये जो सबैभन्दा उच्च छ, त्यो तिमीहरुको सेवक हुनेछ” (मत्ती २३:११) ।

हामीमा कसरी यस्तो मनोवृत्ति राख्न सक्छौं? त्यो

एकमात्र प्रेरणा प्रेम हो । हामी प्रेमबाट ती चीजहरु गर्न सक्छौं जुन हामी अरु कुनै कारणले गर्दैनौं । यूहन्ना १३:१ मा हामी पाउँछौं कि येशूले आफ्ना चेलाहरुलाई अन्तसम्म प्रेम गर्नुभयो, अर्थात् उहाँको प्रेमको कुनै सीमा थिएन् । यसरी, हामी प्रेमको कारणले मात्र यस हदसम्म अरुको सेवा गर्न इच्छुक हुनेछौं । यसबाहेक, यूहन्ना १३:३ लाई ध्यान दिनुहोस् । संक्षेपमा, हामी भन्न सक्छौं कि येशूलाई तीनवटा कुरा थाहा थियो जसले उहाँलाई यस्तो स्वभाव राख्न अनुमति दिनुभयो । उहाँ को हुनुहुन्छ भन्ने कुरा उहाँलाई थाहा थियो । उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो । उहाँ कहाँबाट आउनु भएको थियो भन्ने कुरा पनि उहाँलाई थाहा थियो । उहाँ आफ्नै इच्छाले स्वर्गका सबै महिमा त्याग्नु भएको थियो । उहाँ कहाँ जाँदै हुनुहुन्छ भन्ने पनि थाहा थियो । उहाँ सधैंभरि परमेश्वरसँग बस्नको लागि फर्किदै हुनुहुन्थ्यो । हामी ख्रीष्टियानहरुलाई पनि यस्तै तीनवटा कुराहरु थाहा छ । हामीलाई थाहा छ कि हामी एक पटक पापमा हराएका थियौं । हामीलाई थाहा छ कि अब हामी परमेश्वरले स्वीकार गरेका सन्तान हौं, र हामीलाई यो पनि थाहा छ कि हामी ख्रीष्टसँग उत्तराधिकारी हुन परमेश्वर कहाँ जाँदैछौं । यसले हामीलाई पृथ्वीमा सबैभन्दा सुरक्षित मानिसहरु बनाउँछन् । सबैभन्दा सुरक्षित व्यक्तिहरुले मात्र अरुको सेवा गर्ने छन् ।

खुशीको कुञ्जी यही हो भनेर अरुहरुले पनि महसुस गरेका छन् । अल्बर्ट स्विटजर एक विश्व प्रसिद्ध संगीतकार र धर्मशास्त्री थिए । ३० वर्षको उमेरमा उनले मेडिकल विद्यालयमा प्रवेश गरे । स्नातक पछि, उनले ग्याबोन, अफ्रिकाको यात्रा गरे । आफ्नो बाँकी जीवन ती मानिसहरुको चिकित्सा आवश्यकताहरुको सेवामा खर्च गरे । उनले १९५२ मा नोबेल शान्ति पुरस्कार जिते । पुरस्कारको रकम अफ्रिकामा आफ्नो अस्पताल विस्तार गर्न प्रयोग गरे । निस्सन्देह, उनले अफ्रिकाको जंगलमा जीवन बिताउँदा धेरै कठिनाहरु सहेर बलिदान गरेका थिए । जे होस्, आफ्नो जीवनको अन्त्यतिर उनले यो कथन गर्नुभयो, "मलाई थाहा छैन तिम्रो भाग्य के हुनेछ, तर मलाई एउटा कुरा थाहा छ; तपाईहरुमध्ये केवल ती व्यक्तिहरु साँच्चै खुशी हुनेछन् जसले अरुको सेवा गर्ने बाटो रोजेका छन् ।"

के तपाई आज साँच्चै खुशी हुनुहुन्छ? कुञ्जी नम्र सेवामा पाइन्छ । थप रुपमा, यो कुञ्जी सबैको लागि उपलब्ध छ । तपाई कति धनी वा गरिब, शिक्षित वा अशिक्षित, वा तपाई कुन देशलाई घर भन्नुहुन्छ भन्ने कुराले फरक पादैन् । खुशी ती मानिसहरुलाई आउँछ जो प्रेमले परमेश्वर र अरुको सेवा गर्न इच्छुक हुन्छन् । सेवकको रुपमा जिउनुहोस्, र तपाईले आन्तरिक शान्ति, खुशी र सन्तुष्टि पाउनुहुनेछ जुन सबैले चाहना गर्दछन् । यही कुरा सर्वशक्तिमान् परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ । के तपाई यसलाई विश्वास गर्नुहुन्छ?

**सत्यवाणी नेपाल लगायत अन्य ख्रीष्टियान पुस्तिकाहरू प्राप्त गर्नको निम्ति तलको मोबाइल र इमेलमा सम्पर्क गर्नुहोस् ।**

**सत्यवाणी नेपाल, पो.ब.नं. २५९९९**

**मोबाइलः ९८४३०५२०९४**

Voice of truth international

votinepal@gmail.com

# खुशीको कुञ्जी

**जेरी बेट्स**

